# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८२ साल जेठ ०२ गते शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने "**।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने "**।

४. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको सम्बन्धमा **"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने "** ।